# रेडियो सुन्दै तरकारी केलाएका दिनहरू

**रमा पराजुली**

म जन्मिनु डेढ दुई वर्षअघि नै पोखराको मेरो घरमा रेडियो आइसकेको थियो रे । यसको अर्थ बीसको दशकको मध्यतिर नै मेरो घरमा रेडियो गुञ्जिन्थ्यो । जान्ने बुझ्ने हुनुअघि रेडियोबाट सङ्गीत सुनेँ कि सुनिनँ थाहा छैन तर बिहान बेलुकाको समाचार पक्कै सुनेँ । किनभने त्यस बेलासम्म एकदलीय पञ्चायती व्यवस्थाविरुद्ध राजनीतिक कार्यकर्ता बनिसकेका मेरा शिक्षक बाबुको समाचार सुन्नु नियमित प्रक्रिया थियो ।

बा बिहान पाँचै बजे बाहिर जानुहुन्थ्यो प्रौढ स्कूलमा पढाउन । म सम्झिन्छु, ओछ्यानबाट उठ्दा भजनले घर गुञ्जायमान भैसकेको हुन्थ्यो, सम्भवतः आमाले बजाउनुहुन्थ्यो । रेडियो बजाउन जान्ने भैसकेपछि भने उठ्नेबित्तिकै हामी केटाकेटीको पहिलो काम हुन्थ्यो रेडियो बजाउनु । रेडियो खोलेर बाहिर झ्यालमा राखेपछि मात्रै चिया पकाउने, खाने काम हुन्थ्यो । चिया खाइसक्दा त्यस्तै सात बज्थ्यो, त्यसैले सातबजेको समाचार सुन्नु नियमित प्रक्रिया थियो हाम्रालागि । बिहानैदेखि रेडियो सुन्दा हामीलाई दोहोरो फाइदा हुन्थ्यो । एउटा समाचार

बाहेक भजन/गीत सुन्न पाइन्थ्यो । अर्को, रेडियोले हामीलाई स्कूल जाने समयको जानकारी गराइरहन्थ्यो । बाको हातमा बाहेक अरू घडी घरमा नभएकाले बिहान, बेलुका, दिउँसो रेडियोका जनाउ नै हाम्रालागि समय-सूचक थिए । कार्यक्रम सुनेरै कति बजेछ भन्ने जान्दथ्यौँ हामी ।

**स्कूल जान थालेपछि**

स्कूल जान थालेपछि रेडियोको *बाल कार्यक्रम* खूब सुन्न थालेँ । पत्रपत्रिकाको पसल बन्द गरेर बा राती आठनौ बजेमात्र घर फर्कनुहुन्थ्यो । आमा घरेलु काममा व्यस्त भइरहनुहुन्थ्यो । साँझमा बारीमा तरकारी खोजेर केलाउनु अघोषित रूपमा मेरो जिम्मा थियो । स्कूलबाट आएपछि साढे पाँचमा *बाल कार्यक्रम* आउनुअघि सम्भवतः मैले बारीमा तरकारी टिप्ने काम भ्याइसकेकी हुन्थेँ किनभने मलाई रेडियो सुन्दै तरकारी केलाएका दिनहरू राम्ररी याद छन् । हामी राती सधैँजसो सुक्खारोटी र तरकारी खान्थ्यौँ । एकदिन रेडियोमा आएको गीत सँगसँगै लय मिलाएर पीठो मुछिरहेकी थिएँ । ठूलाबाकी छोरी इन्दिरादिदीले सुनेपछि खुब गिज्याएकी थिइन् । खै कुन्नि किन हो, मलाई बेस्सरी लाज लागेको थियो त्यस बेला ।

म कविता लेख्थेँ तिनताक । म पढेको कन्या स्कूलमा हरेक पन्ध्रदिनको शुक्रबार चउरमा मञ्च बनाएर अतिरिक्त क्रियाकलाप गरिन्थ्यो । नेपाली पढाउने तेजनाथ गुरुले हरेक शुक्रबार कक्षाभित्रै विभिन्न क्रियाकलाप गराउनुहुन्थ्यो । त्यसमा धेरैजसो कथा, कविता, चुट्किला भन्थे विद्यार्थीहरू । मसँग गीत गाउने कला थिएन न त चुट्किलाको भण्डार नै थियो । कथा पनि लेख्दिनथेँ । त्यसैले कविता लेख्न सुरु गरेँ, कक्षा गतिविधिमा अनिवार्य भाग लिनुपर्ने भएकाले । साल त सम्झना छैन तर एकपटक मैले बीबीसी नेपाली सेवाले रेकर्ड गरेको कार्यक्रममा पनि कविता भन्ने मौका पाएँ । पछि बीबीसीले प्रसारण गर्दा मलाई निकै खुसी लागेको थियो । त्यसै बखत परिचय भएकी बीबीसीकी एक अधिकारीले मलाई पछि बीबीसीको मोटो अङ्ग्रेजी डिक्सनरी र डायरी पठाइदिएकी थिइन् ।

छिमेकीकहाँ रेडियो थिएन । तैपनि रेडियो सुन्न हामीकहाँ धेरै मान्छे आएको सम्झन्नँ म । तेजनाथ गुरु भने समाचार, खासगरी बीबीसी सुन्न धेरैजसो आइरहनुहुन्थ्यो । मामाघर, फुपू या सानिमाकहाँ जाँदा धेरै पछिसम्म रेडियो सुनेको सम्झना छैन ।

**मामाघरमा रेडियो सुन्न प्रतिबन्ध**

म सानै हुँदा मामाघरमा रेडियो नभएर नियास्रिन्थेँ । हजुरआमा धार्मिक प्रवृत्तिको हुनुहुन्थ्यो । उहाँसँग मैले बिहानै बज्ने भजनहरूबारे कुराकानी गर्थें । पछि कुन

बेला मामाघरमा रेडियो किनियो, त्यो त याद भएन तर मामाघरमा रेडियोमाथि लगाइएको प्रतिबन्ध म कहिल्यै बिर्सन सक्दिनँ । एसएलसी दिने बेला (२०४१ साल) तिर सायद मलाई रेडियोको नशा लागिसकेको थियो । मामाघरतिर राम्रो टच्युशन पढाउने भएकाले विष्णु सानिमाको करमा म अङ्ग्रेजी र गणितको टच्युशन पढ्न मामाघर बसेँ डेढदुई महिना । मामाघरमा बिजुली थिएन न त मट्टितेलका लम्फा वा लालटिन नै बालिन्थ्यो । नामी जमिन्दार हजुर्बा हजुरआमा गाउँको अजङ्गको घर छोडेर फेदीमा बस्न आउनुभएको थियो धन्सारमा । एउटा पाखोलाई पूरै फलफूलमय बनाउन लागिपर्नुभएका हजुर्बा र हजुरआमाले झ्याल ढोका दुवै नभएको त्यो धन्सारमा धेरै वर्ष बिताउनुभयो । त्यहाँ टुकी बालिन्थ्यो । टुकीकै उज्यालोमा म रातीमा अबेरसम्म पढ्ने गर्थें । यसरी रात रातभर बलेको टुकी देखेर वल्ला पल्ला डाँडाका मान्छेहरू कतै हजुर्बा विरामी हुनुभयो कि भनेर बुझ्न समेत आएका थिए । त्यही बेला म राती एघार बजेसम्म आउने रेडियो खुब सुन्थेँ पढाइ सँगसँगै ।

तर केही दिनपछि रेडियो सुनेकोमा अनन्त मामाको खुब गाली खाएँ । मैले रेडियो सुनेर पढाइ बिगार्छु र इज्जत जान्छ भन्ने खुब डर थियो उहाँलाई । “रेडियो सुनेर बस्ने भए यहाँ नबस, घर जाऊ” भन्दा निकै रुखो लागेको थियो मलाई त्यस बेला । मामाको गालीले निकै रोएँ पनि म । कति दिनसम्म मामाको अगाडि परिनँ । भान्छामा खाना खाँदा भेट भए पनि उहाँको अनुहारै हेरिनँ ।

अहिले सम्झँदा मभित्र रहेको रेडियोको भूत उतार्न धामीझाँक्री सावित भयो त्यो वाक्य । एसएलसी पास भएर स्नातकोत्तर गर्दासम्म पनि जाँच आएपछि रेडियो नजिकै नपर्ने बानी बस्यो । पछि एकाग्रचित्त गरेर पढ्दा रेडियो नसुन्नु बेस भन्ने ठानेँ । मलाई लाग्यो, अनुभव नभए पनि आखिर मेरो मस्तिष्कले त दुईओटै काम गर्नुपरिरहेको हुन्छ– रेडियो सुन्ने र पढेको पाठ बुझ्ने । अहिले म चिनजानका सबै विद्यार्थीहरूलाई त्यही भन्छु– “पढ्ने र रेडियो सुन्ने काम एकैपटक नगर । मेहनत गरेर पढ्ने दुईतीन महिना हो, रेडियो सुन्ने त जीवनभरको काम छँदैछ ।”

## ठूलो हुँदै गएपछि

शनिबार दिउँसो रेडियोमा आउने नाटक म खुब सुन्थेँ । नाटककार त सम्झिन्नँ तर एउटा नाटकमा गरीब युवतीलाई दाइजोबिना बिहे गर्ने नायकबाट म विभोर भएकी थिएँ । अर्को एउटा नाटक थियो जसमा एक्लो छोरो दुर्व्यसनमा परेर परिवार छिन्नभिन्न भएको थियो । मेरा तीन बहिनी नशालु बन्ने छैनन् भन्ने कसरी सोचेँ कुन्नि, एक्लो भाइ कहिल्यै कुलतमा नपरोस् भन्ने कामना गरिरहन्थेँ

मनमनै । यस्तो कामना धेरै पछिसम्म पनि रह्यो, त्यही नाटकबाट झस्केर । त्यसले मेरो मनमा गहिरो छाप छोडेको छ । पछि काठमाडौँमा जन्मे-हुर्केकी सरिता माइजु कामको सिलसिलामा पोखरा बस्न आउञ्जेल (२०४३/४४ सालतिर) पनि रेडियोको नाटक त्यस्तै सुन्थेँ । माइजू पनि असाध्यै सुन्नुहुँदोरहेछ शनिबारको नाटक । एकदिन हामीकहाँ नाटक सुनेका थियौँ उहाँ र मैले सँगै । साहित्यमा रुचि राख्ने र राम्रा कविता लेख्ने माइजूले रेडियोमा प्रसारण भैसकेका थुप्रै नाटकहरूबारे कुराकानी गर्नुभएको थियो त्यस दिन ।

म रेडियोको सक्रिय श्रोता थिइनँ किनभने म कार्यक्रमहरूमा सहभागी बन्दिनथेँ । एकपटक मात्र हो वनसम्बन्धी कार्यक्रममा भाग लिएकी थिएँ । त्यसमा केही प्रश्नहरू सोधिएका थिए । मैले तिनको जवाफ पठाएर पुरस्कार पाउने पनि भएकी थिएँ । उनीहरूले पुरस्कार घरैमा पठाउने घोषणा रेडियोमार्फत गरे पनि त्यो कहिल्यै प्राप्त भएन ।

ठूलो हुँदै गएपछि समाचार बाहेक सङ्गीत सुन्ने माध्यम बनेको थियो रेडियो । नारायण गोपालका गीतहरू विशेष मन पर्थे मलाई । समय बित्दै जाँदा रेडियो निकै कम सुन्ने भएँ । मलाई पत्रपत्रिका र पुस्तकहरूले आकर्षण गरे । रेडियो कम सुन्ने बनाउन एउटा परिवेश पनि जिम्मेवार छ । पत्रपत्रिकाको व्यापार र शिक्षणमा संलग्न बालाई पत्रिका चलाउने प्रबल रुचि थियो । निरङ्कुश व्यवस्थाविरुद्ध सक्रिय उहाँले व्यवस्था विरोधी मत जाहेर गर्न पत्रिका प्रकाशन आवश्यक ठान्नुभएको थियो । उहाँ संस्थापक सम्पादक भएर दैनिक पत्रिका निकाल्न थाल्नुभयो– *जनमत* । बाहिर राखे तिर्नुपर्ने भाडाबाट बच्न पत्रिका छाप्न आवश्यक छापाखाना उहाँले घरैमा राख्नुभयो । पाँचसात जना मानिसहरू कम्पोज गर्ने, डिस्पोज गर्ने, छाप्ने जस्ता काममा व्यस्त रहन्थे दिनभर । उनीहरूको मनोरञ्जनको साधन बन्यो घरको रेडियो । चर्को स्वरमा दिनभर रेडियो बजिरहँदा झर्को लाग्न थाल्यो मलाई । गएर बन्द गर्न पनि मिल्दैनथ्यो । उनीहरू रेडियो लगातार सुनिरहन चाहन्थे ।

स्नातकोत्तर पढ्न २०४७ मा कीर्तिपुर आउँदा 'रुम पार्टनर' विन्दु पोखरेलसँग एउटा रेडियो थियो, त्यही सुनिन्थ्यो । उनी मभन्दा एक 'ब्याच सिनियर' थिइन् । करिब दुई वर्षपछि उनीसँग छुट्टिँदा त्यो रेडियो पनि रहेन । त्यस बेला चाइनिज रेडियोहरू तीनचार सयमा पाइन थालिसकेका थिए काठमाडौँका फुटपाथमा । त्यस्तै रेडियो किनेर सुन्न थालेँ, विशेष गरी बीबीसी र नेपाली समाचार । त्यसको करिब पाँच वर्षमा समाचार उत्पादनलाई पेशा बनाएपछि भने मेरो रेडियो सुनाइ ज्यादै कम भएको छ ।